महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(डोर मुकाम जुम्ला)
अछावे

पत्र संख्याः २०७८।७९
च.नं. ९१

मितिः २०७८।०६।२२

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
गुठीचौर गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, जुम्ला ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस पालिकाको आर्थिक वर्ष २०७७।७८ को विनियोजन / राजस्व / धरौटी / अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।०६।२१ मा छलफल पश्चात् तयार गरिएको पाना अठ्ठाईस (२८) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत / कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(शंकर प्रसाद पन्थी)
निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री जिल्ला समन्वय समिती,
जुम्ला - प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
जुम्ला - प्रतिवेदन संलग्न छ ।

श्री प्रदेश लेखा इकाइ कार्यालय,
जुम्ला - प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

Scanned with CamScanner

आर्थिक कारोबारको स्थिती

कार्यालयको नाम र स्थान : श्री गुठीचौर गाउँपालिका, जुम्ला **आर्थिक वर्ष : २०७७।७८**

	नाम	कार्यरत अवधि		बेरुजू रकम (हजारमा)
		देखि	सम्म	
कार्यालय प्रमुख:	प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल प्याकुरेल	२०७७/०५/१४	२०७७/१२/१०	२०८९५
	नि. प्रमुख प्रशासकीय अधिकृत श्री मदन प्रसाद देवकोटा	२०७७/१२/२७	२०७८/०३/३१	
लेखा प्रमुख:	लेखापाल श्री देवकी रावत	२०७७/०४/०१	२०७८/०३/३१	

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।०७८ को संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		४८९३७८८१.००	१	चालु खर्च	१६८५२६९९८.५२	१६८५२६९९८.५२
	क) नगद			२	पूँजीगत खर्च	१२८२७८९६७.०	१२८६७३०६७.००
	ख) बैंक	४८९३७८८१.००		३	वित्तिय व्यवस्था भुक्तानी		
२	राजस्व (आन्तरिक आय)		५०३२४२८७.००		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	२७११५३३.००			ख) व्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	४७४६८५१५.००			ग) अन्य भुक्तानी		
	ग) अन्य आय	१४४२३९.००		४	लगानी		
३	वित्तिय हस्तान्तरण संघ		२०१८३२७४४.००		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	८२६००००.००			शेयर लगानी		
	ख) सशर्त अनुदान	११५६८४५४०.००			अन्य लगानी		
	ग) समपूरक अनुदान			५	सामाजिक सुरक्षा	३०४६०७१०.००	३०४६०७१०.००
	घ) विशेष अनुदान	३५४८२०४.००		६	घरौटी फिर्ता	१६८०००.००	१६८०००.००
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		३४९८११५२.००	७	विषयगत खर्च	२७५५१०३८.००	२७५५१०३८.००
	क) वित्तिय समानीकरण अनुदान	१००९३०००.००		८	मौज्दात		
	ख) सशर्त अनुदान	१२०००००.००			क) बैंक मौज्दात	३१३५०७७०.००	३१३५०७७०.००
	ग) समपुरक अनुदान	७८८८१५२.००			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान	५००००००.००		९	शसर्त अनुदान फिर्ता	७७७१७३५.००	७७७१७३५.००
५	अन्तर स्थानीय तहबाट प्राप्त			१०	घरौटी मौज्दात	४९५०१७०.००	४९५०१७०.००
६	सामाजिक सुरक्षा	३०४६०७१०.००	३०४६०७१०.००	११	कोष खाताको मौज्दात	६०००००.००	६०००००.००
७	विभिन्न कोषतर्फको आय						
८	घरौटी आय	३०३९९९२.००	३०३९९९२.००				
९	विषयगत निकायबाट प्राप्त	२७५५१०३८.००	२७५५१०३८.००				
१०	अन्य विविध आय	२९२४६८३.००	२९२४६८३.००				
	जम्मा	४०००५२४८७.००	४०००५२४८७.००		जम्मा	४०००५२४८७.००	४०००५२४८७.००

Scanned with CamScanner

क्र.सं.	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना, २०७८ अनुसार स्वीकृत भएको ईकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण तथा लेखापरीक्षणको अन्तराष्ट्रिय नीति, मानदण्ड तथा मार्गदर्शनलाई आधार मानी कार्यालयको आर्थिक बर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक बिवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको हो । सारभुत रुपमा उल्लेखनिय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर कार्यालयका सम्वन्धित पदाधिकारीहरु संग मिति २०७८।६।२१ मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्:	
	स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायीकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकार संचालन गर्ने हरेक कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारको हरेक काममा जनसहभागिता, उतरदायित्व,पारदर्शिता सुनिश्चित गरी नागरीकहरुलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको उद्धेश्य हो । कर्णाली प्रदेशमा अवस्थित यस गाउँपालिका अन्तर्गत ५ वडा २८ सभा सदस्य रहेका छन । कुल ४२७ ब.कि.मी क्षेत्रफल ओगटेको यस गाउँपालिकाको जनसंख्या ११३४५ जना रहेको छ ।	
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • पालिकाले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • पालिकाले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट पालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. १,७९,८४,२७५।- ले फरक देखिएको छ । • पालिकाको चालु, पुंजीगत, सञ्चित कोष तथा अन्य विभिन्न खाताहरुमा रहेको कूल यथार्थ मौज्दात रु. ३,६९,००,९४०।- रहेकोमा सुत्रको वित्तीय प्रतिवेदनले रु. ३४,३२,५२३।- देखाएको छ । यस सम्वन्धमा विवरणहरुमा फरक पर्नुको कारणवारे पालिकाले सम्वन्धित निकायहरुवीच समन्वय गरी हिसाव मिलान गर्नुपर्ने देखियो । • कार्यालयवाट प्रमाणित एकिकृत आर्थिक बिवरणमा श्रेस्ता भन्दा बैंकमा बढी देखिएको रकम आम्दानी रु. २९,२४,६८३।- आम्दानी जनाएको छ । बैंकमा बढी देखिएको रकम आम्दानी जनाएको सम्वन्धमा एकिन गर्नुपर्दछ । • उल्लिखित अवस्था र कारण पालिकाले पेश गरेको वित्तीय विवरणले कारोवारको यथार्थ चित्रण गरेको मान्न सकिएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	

Scanned with CamScanner

प्रौ.नं, मिति र व्यहोरा	बेरुजु रकम
बैंक हिसाब मिलान नगरेको – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिन्छ ।	

श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
३६९००९४०	५४८८५२१५	१७९८४२७५

३. आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को अनुसुची ११ बमोजिमको ढाँचामा आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- पालिकाले श्रेस्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि पालिका प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

Scanned with CamScanner

भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।
- अधिकांश भ्रमण अदेशमा भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन उल्लेख नगरेकोले कार्यालयको कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- कर्मचारीले एक पटक लिएको पेश्की फस्यौंट नगरेको अवस्थामा पुन पेश्की दिने गरेको देखियो ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिनुका साथै ई.टीडि.एस. नगरेको ।
- मालसामसान वा सेवा खरिद वापतको भुक्तनी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४. **अनुदान फिर्ता** : संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा समवन्धित संचित कोषमा दाखिला गरेको पाइएन । खर्च नभई बाँकी रहेको उक्त रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु — २०६३३२०.००

अनुदान प्रदान गर्ने निकाय	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार शसर्त	११९२६२७४२	११७१९९४२२	२०६३३२०
		जम्मा	२०६३३२०

बजेट तथा कार्यक्रम

५. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपाध्यक्ष श्री जानदेवि ऐडीले मिति २०७६।०३ ।१० गते रु. ३३ करोड १५ लाख ९५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६. **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी

Scanned with CamScanner

भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	

चौमासिक खर्चः आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ बमोजिम प्राप्त मन्त्रालयगत वजेट सुचना प्रणालीमा प्रविष्ट भएको भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

क.स.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	१६८५२६९९८	३७०५४८७४	२६६०९४९२	१०४८६२६३२	७६९२२०९९
२	पूँजिगत खर्चतर्फ	१२८२७८९६७	२४१९९६१२	२४१९९६१२	९२१६९७०६	५२१२९३५७
३	जम्मा	२९६८०५९६५	६१२५४४८६	५०८०९१०४	१९७०३२३३८	१२९०५१४५६
	प्रतिशत	१००	२०	१७	६६	४३

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.२९,६८,०५,९६५।- खर्च भएकोमा प्रथम चौमासिकमा रु.६,१२,५४,४८६।- अर्थात २० प्रतिशत, दोश्रो चौमासिकमा रु.५,०८,०९,१०४।- अर्थात १७ प्रतिशत र तेश्रो चौमासिकमा रु.१९,७०,३२,३३८।- अर्थात ६६ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१२,९०,५१,४५६।- अर्थात ४३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

८. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।०७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क.स.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	५१६८४८८७	४०३२९२३९	७८
२	पूर्वाधार विकास	८०५३८७५२	६९२३८३३८	८५
३	सामाजिक विकास	१३१६४८६८९	११९९०९३४४	९१
४	सुशासन तथा अन्तसम्वन्धित क्षेत्र	५८८४०००	५७९७४३२	९८
५	कार्यालय संचालन तथा प्रशासनिक	७७२९४६९०	६१५३१६१२	७९
	जम्मा	३४६९९००१८	२९६८०५९६५	८५

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ९८ प्रतिशत र घटीमा ७९ प्रतिशत रहेको छ ।

९. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. २७,१५.४०३।- राजस्व बाँडफाँड र अनुदानबाट रु. २९,४०,९०,५६२।- आम्दानी भएकोमा चालु तर्फ रु. १६,८५,२६,९९८।- र पूँजिगत तर्फ रु. १२,८२,७८,९६७।- समेत रु. २९.६८,०५,९६५।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु. ५३,८०,०००।- खर्च भएको छ जुन आन्तरिक आयको १९८.१३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५७ प्रतिशत चालु र ४३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

Scanned with CamScanner

	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	लक्ष्य प्रगति : आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका संघीय, प्रदेश एवमा स्थानीयस्तरिय १३५ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकिय अधिकृत र प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।	
	संगठन तथा कर्मचारी व्यवस्थापन	
१.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित २६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, सब इन्जीनियर, आलेप सहायक सहित ३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१२.	**कल्याणकारी कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ५००००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.	५०००००.००
१३.	**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । तयस्तै सार्वजिनक खर्चमा मितव्यिता कायम गर्ने सम्वन्धी मापदण्ड २०७७ दफा ६ मा कोभिड १९ को सङ्क्रमण रोकथामको लागि अग्रपङक्तिमा का गर्ने स्वास्थयकर्मि बाहेक सार्वजनिक निकायमा कार्यरत कर्मचारी वा पदाधिकारीलाई प्रोत्साहन भत्ता प्रदान गरिने छैन भन्ने उल्लेख छ । पालिकाले कानून नबनाई यो बर्ष कर्मचारीलाई प्रोत्साहन भत्ता रु. १०,३५,०००।- खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.	१०६५०००.००
१४.	**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार १५ वटा ऐन, १ वटा नियमावली र ३२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :	

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	२
पञ्जिकरणतर्फ	

भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

जन्मदर्ता	४४८
मृत्युदर्ता	१०३
बसाईसराई दर्ता	१५
विवाह दर्ता	७३
सम्बन्धविच्छेद दर्ता	०
पूर्वाधार विकास सडक निर्माण	
कच्ची सडक निर्माण	५ कि.मि.
ग्राभेल सडक निर्माण	२ कि.मि.
खानेपानी आयोजना	४ वटा
सिंचाइ आयोजना	५ वटा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१५. **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
१८	२३	४०	१२	३८	१३१

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५०,०००।- देखि २,७०,००,०००।- लाख सम्मका जम्मा १३१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा पालिकाको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावित नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

कानून निर्माण एवं कार्यान्वयन

१६. **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः** लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्पकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ ।

१७. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, १ वटा नियमावली, ३२ कार्यविधि लगायत ४८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ ।

Scanned with CamScanner

भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ३० वटा विवाद दर्ता भएकोमा सबै फछ्र्यौट टुङ्गो लगाउएको देखिन्छ ।	
आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यो वर्षको शसर्त अनुदान, समपुरक अनुदान, समानिकरण र राजस्व बाँडफाँड तर्फको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	

२०. **आन्तरिक लेखापरीक्षण शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

पदाधिकारी सुविधा

२१. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाउसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिमको रु. ५३,८०,०००।- सुविधा वापतको रकम भुक्तानी भएको छ ।

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष ५ जना	कार्यपालिका सदस्य १३जना	सभाका सदस्य.१५ जना	जम्मा
१	यातायात खर्च	४५६०००	४५६०००				९१२०००
२	टेलिफोन,मोबाइल	६६०००	६६०००	३३००००	१३२०००	३३००००	९२४०००
३	पुस्तक,पत्रीका, ईन्टरनेट	६६०००	६६०००	३३००००	१३२०००	३३००००	९२४०००
४	अतिथि सत्कार	११००००	८८०००	४४००००	१३२०००	३३००००	११०००००
५	खानेपानी/ सरसफाई	८८०००	६६०००	११००००	१३२०००	१६५०००	५६१०००
६	विधुत तथा उर्जा	६६०००	६६०००	११००००	१३२०००	१६५०००	५३९०००
७	चाडपर्व खर्च	१५०००	१५०००	७५०००	९००००	२२५०००	४२००००
	जम्मा	८६७०००	८२३०००	१३९५०००	७५००००	१५४५०००	५३८००००

२२. **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. ३९,००,०००।- खर्च गरेको छ ।

२३. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. १०,००,०००।- आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेखे कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

Scanned with CamScanner

	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	अनुत्पादक खर्च - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले यस बर्ष प्राविधिक शिक्षा अध्यन गर्ने पालिका को क्षेत्र भित्र रहेका बिद्यार्थिलाई रु.८००० सम्म छात्रबृती वापत रकम भुक्तानी गरेको देखियो जुन रकम धेरै संख्यालाई बितरण गर्दा प्रभावकारी नभई केवल बितरणमुखि मात्र भएको देखिन्छ । पालिकाले यस बर्ष बिभिन्न व्यक्ति एंवम संस्थालाई अनुत्पादक प्रयोजनमा रु. १०,००,०००।- भुक्तानी गरेको देखिन्छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
५.	**बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२,८२,७८,९६७।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना र गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
	सवारीसाधन खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ५ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. १३,३६,४९९।- खर्च गरेको देखियो।	
२७.	**निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट ल्याब टेष्ट गराउने, गरेको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ ।	
	कर दस्तुर एवं आन्तरिक आय	
२८.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत आर्थिक वर्ष २०७७।७८ मा रु. २७,१५,४०३।- आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
२९.	आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।	

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत

Scanned with CamScanner

भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

२९६८०५९६५	२७१५४०३	०.९१

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

. कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले उल्लेखित कर र शुल्क मध्ये निम्न आय शिर्षकमा असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	असुली
घरु जग्गा नक्सा पास	३३९०५
घरजग्गा वहाल कर	३४२२२
बिबिध आम्दानी	२६४७२७६

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

३१. **स्थानीय तहरूको विभाज्य कोष** - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर वहत्तर शुल्क मानोरञ्जन कर लगातका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

३२. **राजश्व अभिलेख** : पालिकाको राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकावाट राजस्व आम्दानी र दाखिलाको लागि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । अत: पालिकाले आगामी दिनमा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्न विशेष ध्यान दिनुपर्ने देखियो ।

३३. **राजश्वको लेखा अद्यावधिक गर्ने** : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजश्वको आम्दानी जनाउंदा जुनसुकै माध्यमबाट राजश्व प्राप्त गरेको भए तापनि त्यस्तो राजश्व स्वीकृत राजश्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजश्व तथा हसवली राजश्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजश्व लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले नगदी रसीद प्रयोगमा ल्याएका नगदी रसीदमा कतिपय डोजर भाडा, टयाक्टर भाडा वापतको रकम काटिसके पछि आम्दानी नजनाई क्यान्सिल गरेको, केही नगदी रसीदमा छुट आम्दानी रकम घटाएको, डोजर र टयाक्टर भाडाको सम्झौता र लगबुक प्रयोग नगरेको कारणले नगदी रसीदबाट के कति आम्दानी प्राप्त हुनेमा कति प्राप्त भएको यकिन गर्ने आधार भएन । त्यसैगरी पालिका अन्तर्गत ५ वडा कार्यालयमा पठाएको नगदी रसीदबाट के कति रकम आम्दानी गरेको हो सो को दैनिक आम्दानीको अभिलेख पेश नभएको र प्रयोग गरेको नगदी रसीद फिर्ता समेत नगरेको कारणले आम्दानी रकम यकिन गर्न सकिएन । पालिकाले प्रत्येक वर्ष मूल्य निर्धारण समितिबाट डोजर र टयाक्टरको भाडामा मूल्य वृद्धि गरी आम्दानी बढाउनु पर्नेमा यो वर्ष मूल्य वृद्धि नगरी गत वर्षको मूल्य निर्धारण गरेको दर लाई नै आधार बनाई डोजर र टयाक्टर भाडाको समयमै निर्णय गर्नेतर्फ ध्यान जानु पर्दछ । पालिकाले नियमावलीको नियम अनुसार आम्दानी रकमको प्रष्ट देखिने गरी अभिलेख अद्यावधिक गरी श्रेस्ता राख्नु पर्दछ ।

Scanned with CamScanner

	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	राजश्व दाखिला : आर्थिक कार्यविधि तथा वित्य उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ५ वटा वडा कार्यालयले र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको सम्वन्धमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
	व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनैपनि कर संकलन गरेको छैन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक समेत गरेको देखिएन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
३६.	**दहत्तर बहत्तर शुल्क :** कर्णाली प्रदेशको आर्थिक ऐन, २०७७ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । साथै उक्त ऐनमो दफा १२ मा यस ऐनमा उल्लेख गरिएको दरहरु आवश्यकताअनुसार प्रदेश सरकारले मात्र परिवर्तन गर्ने सक्ने उल्लेख छ । जसअनुसार पालिकाले ऐनमा तोकीए बमोजिमको प्रक्रिया अपनाइ यस क्षेत्रमा कुनै पनि दहत्तर बहत्तर शुल्क असूल गरेको देखिएन । पालिकाको कार्यालय नजिकै रहेको तिला नदिको वालुवा उत्खनन गरी बिक्रि वितरणको लागि डोजर र टयाक्टर मार्फत निकासा गरि रहेको निम्नानुसार फोटोवाट स्पष्ट देखिएता पनि पालिकाले दहत्तर बहत्तर शुल्क असुलको लागि कुनै प्रयास गरेको देखिएन । अत पालिकाले बातावरणयिय अध्ययन गरी बालुवा निकासिको लागि ठेक्का लगाई राजस्व अशुल गर्नुपरदछ ।	
	गाउँपालिका नजिकै रहेको तिला नदिको वालुवा उत्खनन गरी निकासिको लागि जम्मा गरेको वालुवा	
	आयकर एवं मू.अ.कर	
३७.	**रितपूर्वकको कर बिजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स सामान खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	८०८८५.००

भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	स्था.लेखा नं.	कर बिजकको अवस्था	भुक्तानी रकम	मुअकर कर रकम
समानिकरण चालु					
३१८-२०७८/३/1	जि.पि.स्टेशनरी एण्ड सप्लायर्स	३०१७३६८८८	बिजक नं. केरमेट गरेको	१८३५५०	२३८६१
३१८-२०७८/३/1			बिजक नं. हातले लेखेको	४३८६५०	५७०२४
				जम्मा	८०८८५

मूल्य अभिवृद्धि कर कट्टी - मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकायले ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास र तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार रकम कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले मु.अ.कर समायोजको प्रमाण पेश गर्नुपर्ने ए.

बेरुजु रकम: ६५१८५.००

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	मुअकर कर रकम	३० प्रतिशत रकम
समानिकरण पुँजिगत				
४५३-२०७८।३।२३	चिमरा ईन्जिनियरिङ एण्ड कन्सट्रकसन प्रा लि	८८५०००	११५०५०	३४५१५
सशर्त चालु				
१००-२०७८।१।२२	सिम्पल ईन्टेलिजेन्ट सिस्टम एण्ड टेक्नोलोजि	४७१८५०	६१३४०	३०६७०
जम्मा				६५१८५

उपभोक्ता समिति मार्फत कार्य

३९. प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४०. लागत सहभागिता - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

समानिकरण चालुतर्फ

Scanned with CamScanner

	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	अनुगमन भत्ता भुक्तानी : कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्वन्धि ऐन, २०७५ को अनुसुची १ मा पदाधिकारी तथा सदस्यहरुको लागि मासिक अनुगमन खर्चको व्यवस्था भएको छ भने पदाधिकारी तथा सदस्यहरुले जिल्ला बाहिर गएको अवस्थामा मात्र अनुसुची २ बमोजिमको भ्रमण खर्च पाउने उल्लेख छ । तर पालिकाले यस वर्ष निम्मानुसार पदाधिकारीलाई मासिक रुपमा अनुगमन खर्च उपलव्ध गराई सकेको अवस्थामा पालिकाको कार्य क्षेत्र भित्रका बिभिन्न योजना तथा कार्यक्रमको अनुगमन गर्न गएको समयको अनुगमन भत्ता भुक्तानी भएको देखियो । यसरी ऐनमा भएको व्यवस्था बमोजिम पदाधिकारीले योजना तथा कार्यक्रमको अनुगमन गरेको भत्ता नपाउने र कर्मचारीहरुले पालिका भित्रै रहेका नजिकका वडाहरुमा संचालनमा रहेका योजनाहरुको अनुगमन गर्दा अनुगमन भत्ता भुक्तानी गर्न नमिल्ने हुंदा अनियमित देखिएको रु.	९१४०००.००

सि.नं.	पदाधिकारी र कर्मचारीको नाम	दिन	भुक्तानी रकम
१	अध्यक्ष श्री हरि वहादुर भण्डारी	६०	६००००
२	उपाअध्यक्ष श्री जानदेवी ऐडी	६०	६००००
३	वडा अध्यक्ष श्री गणेश ऐडी	१६	१६०००
४	वडा अध्यक्ष श्री पृथ्वि वहादुर बुढा	६०	६००००
५	वडा अध्यक्ष श्री प्रेम बहादुर बुढा	१८	१८०००
६	वडा अध्यक्ष श्री जग प्रसाद जैसी	२०	२००००
७	वडा अध्यक्ष श्री चन्द्र वहादुर नेपाली	२०	२००००
८	कार्यपालिका सदस्य लालमाया दमाई	६०	६००००
९	मदन प्रसाद देवकवटा	६०	६००००
१०	बिष्णु प्रसाद देवकोटा	६०	६००००
११	दिपेन्द्र भण्डारी	६०	६००००
१२	गंगा प्रसाद पाण्डे	६०	६००००
१३	मोति प्रसाद जैसी	६०	६००००
१४	ओम वहादुर बुढा	६०	६००००
१५	देवकी रावत	६०	६००००
१६	धर्मराज अधिकारी	६०	६००००
१७	खड्क वहादुर अधिकारी	६०	६००००
१८	प्रभान्द कुमाई	६०	६००००
		जम्मा	९१४०००

	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४२.	**कार्यक्रम उदघाटन तथा समापन भत्ता :** कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ मा कार्यालयले संचालन गरेको कार्यक्रममा सहभागि भए वापत सहभागि भत्ता दिन पाउने व्यवस्था छैन । पालिकाले निम्नानुसार कार्यक्रम संचालन गर्दा उक्त कार्यक्रमको उदघाटन तथा समापन कार्यक्रममा सहभागि भएको भनि पालिकाका अध्यक्ष समेत अन्य पदाधिकारी तथा कर्मचारीहरुलाई सहभागि भत्ता उपलव्ध गराएको देखिन्छ । अत: निर्देशिकामा भएको व्यवस्था विपरित भुक्तानी भएको भत्ता सम्वन्धितवाट असुल गर्नुपर्ने रु.	४२०००.००

गो .भौ .नं. र मिति	कार्यक्रम	संख्या	भुक्तानी रकम
सशर्त चालु			
२७८-२०७८/३/२३	लघु उद्यम कार्यक्रम सिप बिकास तालिम	१५	२४०००
२७१-२०७८/२/२३	सिलाईकटाई तालिम	९	१८०००
जम्मा			४२०००

	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४३.	**दोहोरो सुबिधा :** कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्वन्धि ऐन, २०७५ मिति २०७५।३।२४ मा जारी गरी सुबिधा उपलव्ध गराएकोमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६ कार्ति १ गतेवाट लागु हुने गरी उक्त कानन खारेज हुनु अगाढी सोमा उल्लेखित सुबिधा उपयोग गरेको देखियो कर्णाली प्रदेश सभावाट मिति २०७७ आषाढ ३० मा सबिधा सम्वन्धि ऐन, १०७५ लाई खारेज गरी कर्णाली प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्वन्धि ऐन, २०७७ जारी गरेको	

भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
छ । सो ऐनको दफा ३ को उपदफा १ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारवाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नवढ्ने गरी स्थानीय तहको आन्तरिक समेतका आधारमा सुबिधा पाउने उपदफा २ मा यो ऐन प्रारम्भहुनु भन्दा अघि कायम रहेको कर्णाली प्रदेश स्थानीय तहका पदाधकिकारी तथा सदस्यहरुको सुबिधा सम्वन्धि ऐन, २०७५ बमोजिमको सुबिधा नपाएका पदाधिकारी वा सदस्यले सो सुबिधा नपाएको मिति देखि मात्र यस ऐन बमोजिमको सुबिधा पाउने उल्लेख छ ।यसरी हेर्दा सम्मानित सर्वोच्च अदालतले ऐन खारेज गर्नु अगाडिको सुबिधा लिन मिल्ने नदेखिएकोले निम्न पदाधिकारीले पहिलेको कानुन बमोजिम सुबिधा उपभोग गरी सकेको अवस्थामा पछाडी वनेको कानुनको आधारमा नियुक्तिकै मिति देखिकै सुबिधा उपभोग गरेको देखिएकोले उक्त रकम भुक्तानी दिने सम्वन्धमा निम्न व्यहोरा देखिएको रु.	१५२२८३३.००

पदाधिकारीको नाम	भुकतानी भएको सुबिधा	भुक्तानी रकम	कैफियत
गाउपालिका अध्यक्ष श्री हरि वहादुर भण्डारी	यातायात सुबिधा	४५६०००	२०७४ देखिको सुबिधा
	चाडपर्व खर्च	१७६९२	
	अन्य सुबिधा	५९३१४१	
उपाध्यक्ष श्री जानदेवी ऐडी	यातायात सुबिधा	४५६०००	२०७४ देखिको सुबिधा
जम्मा		१५२२८३३	

४३.१. गाउँपालिका अध्यक्ष श्री हरिवहादुर भण्डारीले यातायात खर्च र अन्य सुबिधा वापत मिति २०७४ देखि २०७६ आश्विन सम्मको उल्लेखित तालिका बमोजिम रु. १०,६६,८३३।- भुक्तानी लिएको देखियो । यस सम्वन्धमा निजले मिति २०७४ देखि २०७६ आश्विन मसान्त सम्म निबृतिभरण उपयोग गरेकोले सो अबधिमा बुझेको पुरानो कानुन बमोजिमको सुबिधा रु ४,७३,२५०।- संचित कोष दाखिला गरेको देखिन्छ । यसरी पुरानो कानुन अनुसार नलिएको सुबिधा नयाँ कानुन बमोजिम प्राप्त हुने आधार स्पष्ट हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको ।

४३.२. उपाध्यक्ष श्री जानदेवी ऐडीले २०७५ सालको कानुन बमोजिम सेवा सुबिधाहरु लिई सकेको अवस्थामा पुन नयाँ कानुन बमोजिमको यातायात खर्च दावि गरी २०७४ देखि २०७६ आश्विन मसान्त सम्म यातायात खर्चवापत रु ४,५६,०००।- भुक्तानी लिएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको ।

४४. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक बिना ऐन नियममा भएको व्यवस्था विपरित निम्नानुसार सोझै खरिद गरेको देखिन्छ । पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गरी खरिद कार्यलाई मितव्ययी र प्रतिष्पर्धी वनाउनु पर्दछ ।

गो.भौ.नं. र मिति	फर्मको नाम	खरिदको विवरण	खर्च रकम
समानीकरण चालु			
९४-२०७७/८/२६	जि.पि.स्टेशनरी एण्ड सप्लायर्स	मसलन्द स्टेशनरी	४४२७९१
३१८-२०७८/३/१		मसलन्द स्टेशनरी	३५९९६२
३२०-२०७८/३/४		मसलन्द र अन्य	४९५६७५
२८४-२०७८/२/२०	बिधान ट्रेडर्स एण्डल सप्लायर्स	मसलन्द स्टेशनरी	४६६१२५
२८६-२०७८/२/२१	सम्पल ईन्टेलिजेन्ट एण्ड टेक्नोलोजि	मसलन्द सामान	३७३६४०
३३२-२०७८/३/८	लक्ष्मी ईलेक्ट्रोनिक्स सप्लायर्स	मसलन्द सामान	३५८७६०
३८१-२०७८/३/२२	डि.ईन्टरप्राईजेज एण्ड सप्लायर्स	स्टेशनरी सामान	२८७५८५
जम्मा			२७८४५३८

	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

बिबिध खर्च : सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्वन्धी मापदण्ड २०७७ मा सार्वजिक निकायले खर्च गर्दा मितव्ययीता कायम गर्ने गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष बिभिन्न समयमा कार्यालयको कामकाजको लागि भनि बिबिध खर्च शिर्षकवाट होटलको बिल बमोजिम निम्नानुसार भुक्तानी गरेको छ । पालिकाले उक्त खर्चको स्पष्ट प्रयोज नखुलाई पेश भएको बिल बमोजिमको खर्च भुक्तानी गरेको देखिन्छ । अतः कार्यालयले खर्चको भुक्तानी गर्दा प्रयोजन खुलाई बिबिध खर्चलाई नियन्त्रण गर्नुपर्दछ । बिबिध खर्चको केही उदाहरण निम्नानुसार छन ।

गो.भौ.नं.र मिति	खर्च रकम
२८-२०७७/७/६	२४९९०५
२६२-२०७८/१/२७	३२२३३२
२७३-२०७८/२/१७	३३६२१७
४२६-२०७८/३/२४	४१५३३५
४४८-२०७८/३/२४	६३००००
जम्मा	१९५३७८९

४६. **असम्वन्धित खर्च :** सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्वन्धी मापदण्ड २०७७ मा सार्वजिक निकायले खर्च गर्दा मितव्ययीता कायम गर्ने गरी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले बिभिन्न समयमा ग्यास रिफिल गरेको भनि ईन्धन शिर्षकवाट रु. १,९८,०००।- खर्च लेखेकोमा उक्त ग्यासको रिफिल कुन प्रयोजनको लागि भएको हो भन्ने कुरा स्पष्ट नखुलाएकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४७. **कर कट्टी :** आयकर ऐन, २०५८ को अनुसुची १ मा पारिश्रमिक कर गणना प्रयोजनको लागि रु. ४,५०,०००/- सम्ममा १ प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष पदाधिकारीको निम्नानुसारको सुबिधा भुक्तानी गर्दा ऐनमा तोकिए अनुसारको कर कट्टी नगरेकोले उक्त कर रकम सम्वन्धितवाट असुल गर्नु पर्ने रु. — बेरुजू रकम: ५२९६५.००

विवरण	भुक्तानी रकम	कर रकम
२०७६।७७ को अध्यक्ष समेत २८ जना पदाधिकारीको सुबिधा	२७८५५००	२७८५५
२०७७।७८ को २८ जनाको सुबिधा (अनुगमन खर्चमा १ प्रतिशत कर कट्टी गरेकोले बाहेकको भुक्तानी)	२११८०००	२११८०
२०७७।७८ को चाडपर्व खर्च २८ जनाको	४२००००	४२००
जम्मा	५२९६५००	५२९६५

४८. **पारिश्रमिक कर :** आएकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक ब्यक्तिको सो आय बर्षको रोजगारी बाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरिएका सबै प्रकारका भुक्तानि समावेश गरिने र कुल कर योग्य आय बाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकि करयोग्य आयमा दफा ८७ बमोजिम पारिश्रमिक कर कट्टा गर्नु पर्ने ब्यवस्था छ । पालिकाले निम्नानुसारका कर्मचारीको बार्षिक आय गणना गरी पारिश्रमिक कर कट्टी नगरेकोले पारिश्रमिक कर घटी कट्टी भएको देखिन्छ । अतः घटी कट्टी भएको कर रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु. — बेरुजू रकम: २३३०१२.००

कर्मचारीको नामथर	छुट पछिको आय	कट्टी गरेको कर	कट्टी गर्नु पर्ने कर	असुल गर्नु पर्ने कर
अधिकृत छैटौ श्री गंगा प्रसाद पाण्डे	५०४७६२	६६१२	९९७६	३३६४
ईन्जिनियर श्री दिपेन्द्र भण्डारी	५५०६००	६४५६	१४५६०	८१०४
शिक्षा अधिकृत श्री प्रेमराज खनाल	५५०६००	६४५६	१४५६०	८१०४
सहायक पाँचौ श्र गोविचन्द्र प्याकुरेल	४८७१२४	५८०८	८२१२	२४०४
सहायक पँचौ श्री मोति प्रसाद जैसी	४८७१२४	५८०८	८२१२	२४०४
सहायक पाँचौ श्री हरिस चन्द्र प्याकुरेल	४७६२००	५६६४	७१२०	१४५६
सहायक पाँचौ श्री शंकर पाण्डे	४७६२००	५६६४	७१२०	१४५६

Scanned with CamScanner

भौ.नं, मिति र ब्यहोरा					बेरुजू रकम
सहायक पाँचौ श्री तिल प्रसाद पाण्डे	४८७१२४	५८०८	८२१२	२४०४	
सहायक पाँचौ श्री टिकदत्ता न्यौपाने	४८०३८४	५७४८	७५३८	१७९०	
अधिकृत छैटो श्रि रत्न प्रसाद पाण्डे	५८५९६६	७११६	२१६९३	१४५७७	
अधिकृत छैटो श्री शिवराज देवकोटा	५३१९६६	६९३६	१२६९६	५७६०	
अधिकृत छैटो श्री धुवराज गिरी	५८५९६६	७११६	२१६९३	१४५७७	
अहेव छैटो श्री बलराम नेपाली	६७८०४२	७८७२	४०१०८	३२२३६	
अहेव छैटौ श्री मनोरमा महत	६४९७२२	७५६०	३४४४४	२६८८४	
अहेव छैटौ श्री गम वहादुर रोकाया	६५८३६२	७८८४	३६१७२	२८२८८	
अहेव पाँचौ श्री जगदिश न्यौपाने	५०३०३२	५९५२	९८०३	३८५१	
अहेव छैटौ श्री कान्तिका न्यौपाने	६०८२००	८०४०	२६१४०	३४१८०	
अनमि पाँचौ श्री उषा आचार्य न्यौपाने	४९८२१६	५९२८	९३२१	३३९३	
अहेव छैटौ श्री क्षेत्र बहादुर थापा	६११४७८	७८८४	२६७९५	१८९११	
अहेव छैटौ श्री देवानन्द तिमल्सिना	६०१०८०	७७२८	२४७१६	१६९८८	
अहेव चौथो श्री पुर्ण प्रसाद धिताल	४८१०५२	५७२४	७६०५	१८८१	
जम्मा				२३३०१२	

. **बिलभरपाई :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । सवारीचालक श्री रामचन्द्र दमाईलाई निम्नानुसार भुकतानी दिएकोमा सोको बिलभरपाई पेश नभएकोले उक्त खर्चको बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नपर्ने रु. — २३०००.००

गो भौ नं र मिति	रकम
४२१-२०७८/३/२४	१५०००
४२२-२०७८/३/२४	८०००
जम्मा	२३०००

५०. **पेश्की फरक :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ । समानिकरण चालुतर्फको बैंक नगदी कितावमा पेश्की बाँकी रु. ३,००,०००।- देखिएकोमा पेश्की बाँकीको विवरणमा भने पेश्की बाँकी नदेखाएकोले उक्त पेश्की बाँकीको सम्वन्धमा एकिन गर्नु पर्ने रु. — ३०००००.००

सशर्त कार्यक्रमतर्फ

. **शिक्षकको तलव भत्ता निकासा :** पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका बिद्यालयहरुको स्वीकृत दरवन्दी र पदपुर्तिको अवस्था एकिन गरी सोही बमोजिम चौमासिक रुपमा तलव भत्ता निकासा गर्नु पर्दछ । पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा रहेका १४ बिद्यालयमा रहेका शिक्षकको दरवन्दी र पदपुर्तिको विवरण तयार गरेको देखिएन । पालिकाले बिद्यालयवाट माग गरे बमोजिम चौमासिक रुपमा शिक्षकको तलव भत्ता निकासा गर्ने गरेको छ । लेखापरीक्षणको समयमा स्वीकृत दरवन्दी र पदपुर्तीको विवरण माग गर्दा प्राप्त नभएकोले बिद्यालयमा निकासा गरेको शिक्षकको तलव भत्ता लगायतका अन्य रकम स्वीकृत दरवन्दी र पदपुर्ती भएको संख्या भन्दा बढी संख्याको रकम निकासा गए नगएको सम्वन्धमा एकिन गर्न सकिएन । अतः पालिकाले बिद्यालयको दरवन्दी र पदपुर्ती शिक्षकको संख्या एकिन गरी तलव भत्ता निकासा गर्नु पर्दछ ।

५२. **शिक्षकको तलबी प्रतिवेदन:-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ अनुसार स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई प्राप्त तलबी प्रतिवेदनको आधारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । पालिकाले आ.व. २०७७।७८ मा पालिका भित्रका सम्पूर्ण शिक्षकको तलबी प्रतिवेदन पारीत नगराई विद्यालयले माग गरेको मागको आधारमा तलव भत्ता भुक्तानी गरेको छ ।

Scanned with CamScanner

	झौ.नं. मिति र व्यहोरा	बेरुजू रकम
	जसबाट विद्यालयका सम्पूर्ण शिक्षकको तलव र ग्रेड एकिन गर्न सकिदैन । तलवी प्रतिवेदन पारित गराएर मात्र शिक्षकहरुको तलव भुक्तानी गर्नु पर्दछ ।	
	बढी निकासा - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३८ (५) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले त्रिभुवन माध्यमिक विद्यालय झारज्वालालाई प्रथम चौमासिकमा चाडपर्व खर्च समेत जम्मा रु. ३५,७४,१७९।- निकासा दिनु पर्नेमा रु. ३६,७४,१७९।- निकासा गरेकोले बढी निकासा गरेको रु. १,००,०००।- असुल हुनुपर्ने रु.	१००००.००
	सेनेटरी प्याडको उपयोग (१५२-२०७८।३।१) : पालिकाले रारा प्रोडक्सन एण्ड प्याकेजिङ उद्योगसंग दरभाउपत्र माग गरी ६२२५ प्याकेट सेनेटरी प्याड खरिद गरी रु. ४,९९,४३१।- (भ्याट समेत) मा भुक्तानी भएको छ । वार्षिक रुपमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको अन्तिम महिनामा खरीद गर्दा विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिती देखियो । यस्ता सामाग्री शैक्षिक सत्रहरु हुँदाको समयमा खरीद गरी उपयोग हुनु पर्दछ ।	
	जिन्सी दाखिला : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा खरिद भएको जिन्सी मालसामान जिन्सी कितावमा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । पालिकाले खरिद गरेको बिलभरपाईको आधारमा श्री सत्यदेवी माध्यामिक विद्यालयलाई आई.सि.टी.अनुदानको रकम रु. ६,५०,०००।- भुक्तानी दिएकोमा खरिद भएको उक्त जिन्सी मालामान जिन्सी दाखिला रेको प्रमाण पेश नभएकोले उक्त मालसामान जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.	६५००००.००
५६.	**ब्रिज सामाग्रिको प्रयोगको स्थती(२९१-२०७८/३/१४) :** स्वीकृत कार्यक्रम अनुसार योजनाको लागि खरिद गरिएका निर्माण सामग्री तोकिएका कार्यमा प्रयोग गरी सोको प्राबिधिक मूल्याङ्कन समेत गर्नुपर्दछ । पालिकाले यो वर्ष चाखा ट्रेस ब्रिज निर्माण कार्यको स्टिल पार्टस खरिद गर्नको लागि सिलवन्दी दरभाउपत्रको माध्यमवाट लुम्वुनी ईन्जिनियरिङ वर्कस प्रा. लि. संग सम्झौता गरी सामाग्रि खरिद गरेको बिल पेश गरेको आधारमा ठेक्का बिल तयार गरी सम्झौता रकम रु. १२,२८,३४४।- मध्ये रु. ९,८८,११८।- भुक्तानी गरेको छ । सम्झौता अनुसार पुलका सबै सामाग्रि प्राप्त नभईसकेको र उक्त सामाग्रि पुल निर्माण कार्यमा प्रयोग नभई उपभोक्ता समिति संग मौज्दात रहेको जनाएको साथै उक्त खरिद कार्यको म्याद समाप्त भईसकेको अवस्थामा हाल सम्म म्याद थप समेत नभएकोले उक्त सामाग्रिहरु सम्झौता बमोजिम आपुर्तिकर्तावाट प्राप्त गरी पुल निर्माण कार्यमा प्रयोग गेको प्राविधिक मुल्याङ्कन सहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	९८८११८.००
	खडगदेवी मा.वि.भवन निर्माण कार्य : राष्ट्रपती शैक्षिक सुरधार कार्यक्रम अन्तर्गत विद्यालयको भवन निर्माण कार्यको लागि कार्य सम्पन्न प्रतिवेदनको आधारमा रु.१७,२८,०००।- भुक्तानी गरेको छ । भुक्तानीको साथ संलग्न गरेको भवन निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदनमा प्लास्टरको कार्य सम्पन्न भएको जनाएकोमा फोटोमा उक्त कार्य सम्पन्न भएको नदेखिएको साथै फोटोमा भवन निर्माण कार्य पुर्ण रुपमा सम्पन्न भएको देखिदैन । यस ससम्बन्धमा पालिकाले उक्त फोटो निर्माण गर्दाके समयको भएको हाल निर्माण सम्पन्न भईसकेको जनाएकोले उक्त भवन निर्माण कार्य सम्झौता बमोजिम सम्पन्न भएको सम्वन्धमा एकिन गर्न पालिकावाट अनुगमन गर्नुपर्दछ ।	
५८.	**भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने कर कट्टी नगरेकोले उक्त कर रकम सम्वन्धित कार्यक्रम संचालन गर्ने व्यक्तिलाई जिम्मेवारी वनाई असुल गर्नुपर्ने रु.	८८८७०.००

गोभौनं./मिति	विवरण	भुक्तानी रकम	करको दर	कर रकम	कैफियत
सशर्त चालु					
१५७-२०७८।३।१	सन्तोष पशुपंक्षि पालन उद्योग	९६००००	१.५	१४४००	उल्लेखित फर्महरु स्थायी

Scanned with CamScanner

भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

२६२-२०७८।३।२३		२४७५००	१.५	३७१२	लेखा नं. मा दर्ता भएको भएतापनि बिल जारी नगरी भरपाई गरेको
२६२-२०७८।३।२३	गौरीनाउला फलफुल उद्योग	२७५०००	१.५	४१२५	
१७३-२०७८।३।८	पिपल चौतारी पशुपालन उद्योग	१६९७४००	१.५	२५४६१	
१७३-२०७८।३।८	भावि समाज भैसिपालन उद्योग	१७९१७००	१.५	२६८७५	
२७८-२०७८।३।२३	जगि सार्की	२३०००	१५	३४१५	प्रशिक्षकको भत्तामा १ प्रतिशतमात्र कर कट्टी गरेको
	रामदल सार्की	२२०००	१५	३२६७	
२७१-२०७८।३।२३	दिल वहादुर दमाई	२३०००	१५	३४१५	
			जम्मा	८८७१०	

९. **प्रशिक्षक भत्ता :** कर्णाली प्रदेश खर्च संचालन मापदण्ड निर्देशिका २०७५ को २.५ को सि.नं ४ मा तालिम केन्द्र बाहेक अय निकायवाट संचालित सबै प्रकारका तालिमका स्रोत व्यक्तिलाई पारिश्रमिक तोकेको र सम्वन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयका स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्रवापतको पारिश्रमिक रु. ८०० पाउने उल्लेख छ । पालिकाका कर्मचारी श्री जग्गी प्रसाद धितालले पेश गरेको तालिमको बिल भरपाई अनुसार उक्त तालिममा निर्देशिकाको विपरित कार्यालयकै स्रोत व्यक्तिलाई कक्षा लिएवापतको पारिश्रमिक नर्म्स भन्दा बढी दरमा भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रु. — २२४००.००

कार्यक्रमको नाम	भुक्तानी हुनु पर्ने दर	भुक्तानी भएको दर	कक्षा संख्या	बढी भुक्तानी रकम
शिशु स्याहार कार्यक्रम	८००	१५००	८	५६००
एकिकृत पोषण सचेतना कार्यक्रम	८००	१५००	८	५६००
वडा नं १ पोषण कार्यक्रम	८००	१५००	४	२८००
वडा नं २ पोषण कार्यक्रम	८००	१५००	४	२८००
वडा नं ३ पोषण कार्यक्रम	८००	१५००	४	२८००
वडा नं ४ पोषण कार्यक्रम	८००	१५००	४	२८००
वडा नं ५ पोषण कार्यक्रम	८००	१५००	४	२८००
जम्मा				२२४००

१०. **बढी अनुदान भुक्तानी :** पालिकाले स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा बाख्रा संरक्षण कार्यक्रमको पालिका र लाभग्राही कृषकको लागत साझेदारीमा कार्य सम्पन्न गर्नको लागि रु. १५,००,०००।- बजेट विनियोजन भएको छ । स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम संचालनको खर्च बाहेक निम्नानुसारका कार्यहरु गर्न रु. १२,३०,०००/- वजेट बिनियोनज गरेको र उक्त कार्यको लागि २० प्रतिशत अर्थात रु. ३,००,०००/- कृषकको लागत साझेदारी रहने उल्लेख भएकोमा संलग्न बिल भरपाईको आधारमा कार्यक्रममा तोकिएका कार्यहरुमा कृषकले २० प्रतिशत लागत साझेदारी गरेको देखिएन । बाख्रा पकेट क्षेत्र नं १ र २ को समितले स्वीकृत कार्यक्रममा तोकिएको कार्यहरु बाख्रा, बोका, त्रिपाल र सोलार खरिद गरेको रु. १२,३०,०००।- को विल र भरपाई पेश गरेकोमा सो मध्ये रु. १२,००,०००।-पालिकावाट भुक्तानी गरेको देखिएकोले उक्त खर्चको २० प्रतिशतले हुने रु. २,४६,०००।- कृषकको लागत साझेदारी रकम समेत भुक्तानी भएकोले उक्त रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु. — २४६०००.००

(रकम रु. हजारमा)

Scanned with CamScanner

भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

कामको विवरण	संख्या	बिनियोजित बजेट	बिल भरपाई बमोजिमको खर्च रकम	पालिकाले व्यहोर्नु पर्ने रकम (८०) प्रतिशत	कृषकले व्यहोर्नु पर्ने रकम (२०) प्रतिशत	बढी भुक्तानी रकम
बाखा खरिद	७६	७६०	७६०	९८४	२४६	२४६
बोका खरिद	५	१८०	१८०			
गोठालो बन्दोवस्तिको सामानहरु खरिद	१	२६०	२६०			
बिमा	३०	३०	३०			
जम्मा		१२३०	१२३०	९८४	२४६	२४६

समितले कार्यक्रममा नै नभएको गोठ निर्माण गरेको डोर हाजिर पेश गरेकोले उक्त खर्च लागत साझेदारी नभएको

औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले समानिकरण अनुदानको स्वास्थ्यतर्फको वजेटवाट उक्त प्रक्रियावेगर रु. ३४,८०,०९६।- को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन:

६१.१. खरिद गरेका उक्त औषधि कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

६१.२. आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि निशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको,

६१.३. आपूर्ति भएका औषधी एवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

६१.४. औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र बिभिन्न निकायवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

६१.५. औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राखे, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६२. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत पालिका भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय कुलो निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष

Scanned with CamScanner

भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम

४४२ जनालाई रोजगारी उपलब्ध गराई रु. १,६३,९४,०७०।- खर्च गरेको छ । लक्षित वर्गलाई ७० दिन देखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिकको ज्याला खर्च लेखेके छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

सि.नं.	कार्यक्रमको नाम	रोजगार प्राप्त संख्या		ज्याला मा भएको खर्च
१	ठुला सौघु देखि ताल्चा जाने वाटो निर्माण वडा नं १	१४	१००	७२३८००
२	कोल्ते वाटो निर्माण वडा नं २	१४	१००	७२३८००
३	गर्ज्याङकोट रिडरोड निर्माण वडा नं ३	१६	१००	८२७२००
४	कैलास मन्दिर देखि चिमारा जाने वाटो निर्माण वडा नं ४	२१	१००	१०८५७००
५	देपालगाउ देखि बनथान जाने वाटो निर्माण वडा नं १	३५	१००	१८०९५००
६	पिपलचौर देखि डिल्लिकोट सम्म सडक निर्माण वडा नं २	५८	१००	२९९८६००
७	पनाखोला वाटो निर्माण योजना वडा नं २	२५	१००	१२९२५००
८	घट्टपारी वाटो निर्माण ८ नं ३	२६	१००	१३४४२००
९	गर्ज्याङकोट रिङ रोड सोलिङ वडा नं ४	२४	१००	१२४०८००
१०	प्याकुरेवाडा देखि बनजाने वाटो निर्माण वडा नं ४	२५	१००	१२९२५००
११	चिमारा मालिका सडक निर्माण वडा नं ४	८३	७०	३००३७७०
१२	कालिमाटी देखि माउखोला सिचाई कुलो वडा नं ५	५०	१००	२५८५०००
१३	निधार देखि चुकेनी कुलो निर्माण वडा नं ५	५१	१००	२६३६७००
	जम्मा	४४२		१६३९४०७०

६३. **बढी भुक्तानी :** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि ,२०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रममा श्रमिकलाई नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन, २०७४ को दफा १०६(३) ले दिएको अधिकार प्रयोग गरी २०७५ श्रावण १ गते देखि लागु हुनेगरी दैनिक ज्यालादारीमा काम गर्ने गरी श्रमिकहरुको पारिश्रमिक निर्धारण गरे बमोजिम रु. ५१७ को दरले भुक्तानी दिने उल्लेख छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका बिभिन्न योजनाहरुमा न्युनतम ज्यालाको सट्टामा स्थानीय दररेट रु. ६९५ राखि योजनाको लागत अनुमान तयार गरेको छ । पालिकाले कार्यबिधिमा तोकिएको भन्दा बढी ज्याला दर राखी लागत अनुमान तयार गर्दा रोजगारीको कार्य दिन बढ्न गई उक्त आयोजना सम्पन्न गर्न लाग्ने बास्तविक दिन भन्दा बढी दिनको भुक्तानी हुन गएको हुदा अनियमित देखिएको रु. ५५४१७९६.००

सि.नं.	कार्यक्रमको नाम	संख्या	भुक्तानी भएको दिन	लागत अनुमान	भुक्तानी हुनु पर्ने दिन	बढी भुक्तानी रकम
१	ठुला सौघु देखि ताल्चा जाने वाटो निर्माण वडा नं १	१४	१००	७२३८००	७४	१८४५४८
२	कोल्ते वाटो निर्माण वडा नं २	१४	१००	७२३८००	७४	१८४५४८
३	गर्ज्याङकोट रिडरोड निर्माण वडा नं ३	१६	१००	८२७२००	७४	२१५०७२
४	कैलास मन्दिर देखि चिमारा जाने वाटो निर्माण वडा नं ४	२१	१००	१०८५७००	७४	२८२२८२
५	देपालगाउ देखि बनथान जाने वाटो निर्माण वडा नं १	३५	१००	१८०९५००	७४	४७०४७०
६	पिपलचौर देखि डिल्लिकोट सम्म सडक निर्माण वडा नं २	५८	१००	२९९८६००	७४	७७९६३६

Scanned with CamScanner

भौ.नं, मिति र व्यहोरा							बेरुजू रकम
७	पनाखोला बाटो निर्माण योजना वडा नं २	२५	१००	१२९२५००	७५	३३६०५०	
८	घट्टपारी बाटो निर्माण ८ नं ३	२६	१००	१३४४२००	७५	३४९४९२	
९	गर्ज्याङकोट रिङ रोड सोलिङ वडा नं ४	२४	१००	१२४०८००	७५	३२२६०८	
१०	प्याकुरेवाडा देखि वनजाने बाटो निर्माण वडा नं ४	२५	१००	१२९२५००	७५	३३६०५०	
११	चिमारा मालिका सडक निर्माण वडा नं ४	८३	७०	३००३७७०	५२	७२३३९८	
१२	कालिमाटी देखि माउखोला सिचाई कुलो वडा नं ५	५०	१००	२५८४०००	७५	६७२१००	
१३	निधार देखि घुकेनी कुलो निर्माण वडा नं ५	५१	१००	२६३६७००	७५	६८५५४२	
	जम्मा					५५४१७९६	

	मुख्यमन्त्री रोजगार कार्यक्रम : मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा १७ मा स्थानीय तहवाट संचालन हुने कार्यक्रममा सम्वन्धित स्थानीय तहले विनियोजित बजेटको बढीमा १ प्रतिशत बजेट प्रशासनिक खर्चमा प्रयोग गर्न सक्ने व्यवस्था छ । गाउपालिकाले संचालन गरेका १२ योजनाको कुल लागत रु. २,५६,८०,५६२।- को ३ प्रतिशत प्रशासनिक तथा कन्टेन्जेन्सी खर्च कट्टी गरेको देखिएकोले कार्यबिधिले तोकेको भन्दा बढी कन्टेन्जेन्सी खर्च कट्टी गरी खर्च गरेको २ प्रतशितले हुने रु. ५,१३,६११।- अनियमित देखिएको रु.	५१३६११.००
५.	**एफ.एम सञ्चालन सम्वन्धमा** गाउँपालिकाले विभिन्न सुचना तथा संचार प्रवाह गर्नको लागि एफ.एम संचालनमा ल्याएको छ । गाउँपालिकाको एफ.एम सञ्चालन गर्न ४ जना कर्मचारी कार्यरत रही वार्षिक खर्च रु.१०,८२,८९१।- गरेको देखिन्छ । पालिकाले विज्ञापन प्रशारण वापत सेवा शुल्क लिई राजश्व वृद्धि गर्नुपर्नेमा विज्ञापन दररेट समेत निर्धारण नभएको अवस्था छ । उक्त एफ एम वाट प्राप्त आय शुन्य रहेको देखिन्छ । अतः गाउँपालिकाले एफ.एम संचालन गर्दा नविकरण गर्दै व्यावसायीक तवरले संचालन गर्ने तथा एफ.एमलाई आत्मनिर्भर वनाउनुका साथै उक्त एफ एमको आय व्ययको स्पष्टलेखा राखी गाउँपालिकाको अतिरिक्त व्ययभार घटाउनु पर्दछ ।	
	समानीकरण पूँजिगततर्फ	
६६.	**शिक्षातर्फ** **(२-२०७७।७।५)बिद्यालयलाई अनुदान :** पालिकाले अनुदान तथा सहायता रकम निकासा एवं कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७६ बमोजिम त्रिभुवन माध्यामिक बिद्यालय झारज्वाला जुम्लालाई आई.एस.एजि. शिक्षकको तलवको लागि रु. ९,००,०००।- निकासा पठाएको छ । उक्त कार्यबिधिको दफा ३ मा अनुदान प्राप्त गर्ने बिद्यालयले पालिकावाट निकासा प्राप्त भएको अनुदान रकम सम्वन्धित शिक्षकको बैंक खातामा वा नगदै भुक्तनी दिई सोको जानकारी पालिकालाई दिनु पर्ने उल्लेख छ । उक्त बिद्यालयलाई उच्च माध्यामिक तहको शिक्षकको तलव भत्ता खर्च सशर्त अनुदानवाट समेत निकासा हुने हुदा निकासा दोहोरो पर्ने सम्भावना देखिन्छ । अतः पालिकाले निकासा गरेको रकम दोहोरो नपरेको साथै बिद्यालयले शिक्षक नियुक्ति गरेको, निज शिक्षकको हाजिरी अभिलेख र तलव भत्ता सम्वन्धित शिक्षकको खातामा पठाएको वा नगद बुझाएको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	९००००.००
६७.	**अधुरा आयोजना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष देहायअनुसार रु. २,३३,८६,५७९।- का ३ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । उक्त आयोजनाको म्याद समाप्त भईसकेको अवस्थामा लेखापरीक्षण अवधि सम्म म्याद थपको कुनै पनि निर्णय	

Scanned with CamScanner

भौ.नं, मिति र ब्यहोरा	बेरुजु रकम

भएको छैन । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौंसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

निर्माण व्यवसायिको नाम	आयोजनाको नाम	सम्झौता मिति	सम्झौता रकम	म्याद समाप्त भएको मिति	हाल सम्मको भुक्तानी
एन के निर्माण सेवा	बिगारे लिफ्ट ईरिगेसन	२०७५।११।२७	३८६०४४९	२०७७ आषाढ	१९२११७५
	झारज्वाला लिफ्ट ईरिगेसन		४२१५२१२		२९७७७४५
	अदाती जलबिद्युत		१५३१०९१८		१०९०७५००
जम्मा					१५८०६४२०

पूंजीगत बजेटमा चालु प्रकृतिका खर्च - पूंजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । गाउपालिकाले चालु प्रकृतिको पदाधिकारीको तलव भत्ता पुँजिगत शिर्षकवाट रु. ९,१९,०००।- भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।

७०. **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

७१. **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले भवन निर्माण कार्यको लागि चिमरा ईन्जिनियरिङ एण्ड कन्स्ट्रकसन प्रा.लि. भक्तपुर संग परामर्श सेवाको प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.९,९९,०२०।- खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिष्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

७२. **डीपीआर खर्च :** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
पालिका भवन निर्माणको	चिमरा ईन्जिनियरिङ एणंड कन्स्ट्रकसन	१००००००	९९९९२०	९३३३४९२०
जम्माः		१००००००	९९९९२०	९३३३४९२०

Scanned with CamScanner

भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम
यस्तो अध्ययन कार्य गराउंदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।	
सचिवालय खर्च : कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी अनुसुची १ बमोजिमको सुबिधा मात्र व्यवस्था छ । पालिकाले सभावाट कानुनले निर्दिष्ट नगरेको अध्यक्ष सचिवालय खर्च भनि रु. १०,००,०००।- विनियोजन गरी त्यतिनै रकम खर्च भएको छ । उक्त खर्चमा खाना, खाजा, जलपान लगायत अन्य खर्च संग सम्वन्धित खर्चको रकम अध्यक्ष श्री हरि वहादुर भण्डारीकै खातामा पठाएको देखिन्छ । अत: कानुनले नदिएको यस्तो प्रकृतिको सुविधा दिन मिल्ने नदेखिएको रु.	१००००००.००

गो. भौ. नं. र मिति	खर्च रकम
१७-२०७७/६/३०	६७००७३
६९-२०७७/९/१६	२६०७७७
२३३-२०७८/१/२३	२८०७७७
२९९-२०७८/१/२३	१२८५२१
जम्मा	१००००००

	भौ.नं, मिति र व्यहोरा	बेरुजु रकम
४.	जनसहभागिता सम्वन्धमा : संघीय खानेपानी तथा ढल निकास व्यवस्थापन आयोजना कार्यालयद्धारा सैचालन हुने जुम्ला जिल्ला स्थित जलवायु अनुकुलित बृहत खानेपानी आयोजना अन्तर्गत रहेको धौलिगाड बृहत खानेपानी आयोजनाको कुल लागत रु. १,४६,०८,७१,०४३।- रहेको देखियो । जलवायु अनुकुलित बृहत खानेपानी आयोजनाको नर्देशिका बमोजिम उक्त आयोजनाको कुल लागतको १० परतिशत जनसहभागिता उपभोक्ताले व्यहोर्नुपर्ने प्रावधान मध्ये ९ प्रतिशत जनश्रमदान र १ प्रतिशत अग्रिम नगद जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले निर्देशिका बिपरित उक्त रकम उपभोक्ता समिति गठन गरी लाभावान्तित बर्गवाट रकम नउठाई समानिकरण पर्सँजिगत अनुदानवाट रु. ४६,१०,०००।- नगद भुक्तानी गरेको देखियो । जनसहभागिताको माध्यमवाट रकम परिचालन नगर्दा लाभावान्तित बर्गको अपनत्वको अभाव हुनुका साथै निर्देशिकाको समेत पालना भएको देखिएन ।	
५.	मुडुनि लेटिलेक वाटो निर्माण कार्य मुडुनि लेटिलेक वाटो निर्माण कार्य उपभोक्ता समिति मार्फत आशापुर्ण निर्माण सेवावाट कारय गराई मुल्य अभिबृद्धिकर समेत रु. १०,५६,०००।- भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु निम्न छन	
५.१.	पालिकाले यस बर्ष संचालन गरेका निर्माण आयोजनामा कम्तिमा २० प्रतिशत सम्म उपभोक्ता समितिको योगदान रहने व्यवस्था गरेकोमा यो वाटो निर्माण कार्यमा भने उपभोक्ता समितिको योगदान समावेश नगरेकोले रु. १०,५६,०००।-को निर्माण कार्य गर्दा रु.२,११,२००।- बढी व्यभार पर्न गएको छ । पालिकाले संचालन नै सम्पुर्ण योजनामा अनिबार्य रुपमा जनसहभागिताको अंश समावेश गरी आयोजनाको निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।	
५.२.	उल्लेखित बाटो निर्माण कार्यको नापी कितावमा कुल रु. ९,१९,८९२।- मुल्याङ्कन भएकोमा सोही बमोजिम मुल्य अभिबृद्धिकर समेत जम्मा रु. १०,३९,४७८।- भुक्तानी गर्नु पर्नेमा रु. १०,५६,०००।- भुक्तानी गरेकोले बास्तविक कार्यको भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.	१६५२२.००
५.३.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिद्वारा सम्पन्न गरिने कार्यमा ओभरहेड र मुल्य अभिबृद्धिकर समावेश गर्न नहुने उल्लेख छ । पालिकाले सडक निर्माण कार्यको लागि मेसिनको ८० प्रतिशत र मानिसको २० प्रतिशत रहने गरी लागत अनुमान तयार गरेकोमा शतप्रतिशत नै मेशिनको विल पेश गरेको देखिन्छ । उक्त कार्यको लागत अनुमान अनुसार कुल काम रु. ९,१९,८९२।- को २०	

Scanned with CamScanner

	भौ.नं., मिति र व्यहोरा	बेरुजु रकम
	प्रतिशत ले हुने रु. १,८३,९७८।- को ज्यामि प्रयोग भएको हुने हुँदा उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी गर्दा मुल्य अभिवृद्धिकर रु. २३,९१७।- दिन मिल्ने नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.	२३९१७.००
	दोहोरो ढुवानी भुक्तानी (२८३-२०७८/२/३०) : त्रिभुवन माध्यामिक विद्यालय, वडा नं ५ को घेरवार कार्यको लागि लागत अनुमान तयार गर्दा ढुवानी भाडा समेतको रकम समावेश गरी दर निर्धारण गरेकोमा पुन ढुवानी रकम समावेश गरी थप रु. १०,०००।- भुक्तानी भएकोले उक्त रकम असुल गर्नु पर्ने रु.	१००००.००
	कार्यसम्पादन जमानत : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायी लाई खरिद सम्झौतामा उल्लेख भएबमोजिम पेश्की दिन सकिने यसरी पेश्की दिदा निर्माण व्यवसायिबाट पेश्की रकम खाम्ने गरी बैंक जमानत लिई पेश्की दिन पर्ने व्यवस्था छ । पालिकाले दोचालगाड सिचाई कुलो निर्माणको लागि निर्माण व्यवसायि खड्का कृष्ण अनिष्ट जे.भि.लाई रु. ११,८०,०००।- पेश्की दिएकोमा रु. ६,००,०००।- को मात्र जमानत लिएकोले नियमावलिमा भएको व्यवस्था अनुसार नपुग रकमको बैंक जमानतको प्रमाण पेश गर्नुपर्ने रु.	५८००००.००
	सामाजिक सुरक्षातर्फ	
७६.	सामाजिक सुरक्षा : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को १३ मा सामाजिक सुरक्षा भत्ता सूचना प्रणाली (एम.आई.एस) मा अनिवार्य रुपमा प्रविष्टि गरि सामाजिक सुरक्षा वापतको भत्ता वितरणको भपाई सफ्टवेयर सिष्टमबाट प्राप्त नाम नामेसीलाई व्यक्तिगत परिचय पत्र नम्बर, नागरिकता नम्बर उल्लेख गरी वर्णाणुक्रममा फांटवारी तयार गर्नुपर्ने व्यवस्था छ । वडा सचिवहरुले फांटवारीमा व्यक्तिगत परिचय पत्र नम्बर, नागरिकता नम्बर उल्लेख नगरी लाभग्राहीको नाम वर्णाणुक्रममा एम.आई.एस सिष्टममा प्रविष्टि नभएको, लाभग्राहीको बैंक खातामा रकम नपठाई वडा १ र २ का सचिवको नामको खातामा रकम पठाई सचिव मार्फत रकम वितरणको हस्तलिखित लाप्चे भपाई तयार गरी फांटवारी पेश गरेको छ । हस्तलिखित लाप्चे भपाईबाट वितरण रकम लाभग्राहीले पाउने रकम भन्दा घटी बढी हुन सक्ने, रकम पाए नपाएको र नपाउने व्यक्तिले पनि भत्ता रकम बुझेको हुन सक्ने सम्भावना देखिएकोले वडा सचिवबाट भपाई गराई भत्ता खर्च लेखेको रकम विश्वशनियता, पारदर्शिता र सुनिश्चित नहुने देखिएकोले लाभग्राहीको बैंक खाता खोली बैंक मार्फत भत्ता खर्च वितरण गर्नेतर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।	
७६.१.	वडा नं.१ सचिव श्री हरिशचन्द्र गिरीलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु.१५,८३,४७०।०० पेश्की लिएकोमा पेश्की फर्स्यौट फांटवारी अनुसार रु. १५,६४,०००।-को फांटवारी पेश गरेकोले रु. १९,४७०।- वांकी रकममा रु. ३,७४०।- दाखिला गरेको भौचर पेश गरेकोले नपुग रकम रु. १५,७३०।- संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.	१५७३०.००
७६.२.	पालिकाको लाभग्राहीको नाम एम.आई.एस सिष्टममा प्रविष्टि नभएको व्यक्तिहरुको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने छुट भनि वडास्तरीय बैठकको निर्णयले सचिवबाट नामावली तयार गरी १४ जनाको सामाजिक सुरक्षाको किसिममा क्षेत्र तोकिएका बालबालिकाको मिति २०७७।४।१ देखि लागु हुने गरी सिष्टममा नपरेका लाभग्राहीको नाम नामेसी बनाई छुट भनि रु. २८,८००।- को वितरण भपाई पेश गरी खर्च लेखेको रकम सचिव श्री हरिशचन्द्र गिरीबाट असूल गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.	२८८००.००
७६.३.	वडा नं.२ सचिव श्री धर्मराज घितालालाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु.१६,३३,११२।०० पेश्की दिएकोमा पेश्की फर्स्यौटको फांटवारी अनुसार रु. १६,३९,०८६।- को फांटवारी पेश गरेकोले रु. ५,९७४।- वांकी रहेको रकम संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्ने अन्यथा असूल हुनु पर्ने रु.	५९७४.००
७६.४.	क्षेत्र तोकिएको २०७३०८२३०२६४२ सरिता बुढा महिला २०७३।८।२३ बर्ष ४ को एक चौमासिकमा भत्ता रु. १६०० पाउनेमा रु. ३,२००।- खर्चको फांटवारी पेश गरेकोले पाउने भन्दा बढी भुक्तानी गरेको रु.१,६००।- सचिव श्री धर्मराज घितालबाट असूल गरी संघीय संचित कोषमा रकम दाखिला हुन पर्ने रु.	१६००.००

Scanned with CamScanner

भौ.नं, मिति र व्यहोरा		बेरुजू रकम
	पालिकाको लाभग्राहीको नाम एम.आई.एस सिष्टममा प्रविष्टि नभएको बालबालिक ३ जनाको भत्ता बुझाएको भरपाईमा हस्तलिखित नाम समावेश गरी १,६००।- का दरले रु.४,८००।- भत्ता वितरण गरेको भरपाई पेश गरेकोले उक्त भत्ता रकम असूल गरी संघीय संचित कोषमा दाखिला हुनु पर्ने रु.	४८००.००
	विपद् व्यवस्थापन	
	समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि यस बर्ष उक्त समितिको बैठक बस्ने र राहत वितरण गर्ने बाहेक अन्य कार्य गरेको पाईएन ।	
	कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू प्रभावकारी रुपमा गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ ।	
.	**विपद व्यवस्थापन खर्च (१५।०७७।३।२३):** यो वर्ष गाउंपालिका स्तरीय विपद नियन्त्रण तथा व्यवस्थापन समितिको २०७८।३।२१ को बैठकको निर्णयले ५ वटा वडा कार्यालयका सचिव मार्फत राहत वितरण र औषधी उपचार सहायता रकममा रु. ७,४६,०००।- र विपद व्यवस्थापन कोषबाट बाढी पहिरो, घर आवास क्षति भएका व्यक्तिलाई राहत सहायता स्वरुप रु. ८,१०,०००।- खर्च लेखेको छ । उक्त खर्च मध्ये औषधी उपचार सहायता वितरणमा नगद बांकी रु.२,०००।- र विपद व्यवस्थापन कोषबाट राहत सहायता वितरणबाट रु.१,९०,०००।- नगद बांकी रहेको उक्त रकम रु.१,९२,०००।- संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु.	१९२०००.००
८०.	**प्रदेशबाट हस्तान्तरित आयोजना** **लागत अनुमान:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको लागत अनुमानमा रहेको ओभरहेड र कन्टिन्जेन्सी रकम कट्टा गरेर भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्न योजनाको लागत अनुमान ढुवानी खर्च समेत समावेश गरी सकेको अवस्थामा पुन ढुवानी खर्च र व्यवस्थापन खर्च समावेश गरी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.	८८०००.००

गो भौ नं र मिति	योजनाको नाम	व्यवस्थापन खर्च	ढुवानी खर्च	जम्मा खर्च
२-०७८।१।९	वडा नं १ कार्यालयको सामुदायिक भवन	२३०००	५०००	२८०००
३-०७८।१।९	तिनमासे प्रा वि भवन	३००००	१५०००	४५०००
१२-०७८।१।३१	नौमुले जलविधुत निर्माण कार्य	०	१५०००	१५०००
जम्मा		५३०००	३५०००	८८०००

८१.	**सकल कर बिजक (१२।०७८।१।२१)** नौमुले जलविधुत निर्माण कार्य गुठीचौर ५ को निर्माण कार्यको इष्टिमेटमा कडा चट्टान ६३० घ.मी. माटो खन्ने उपभोक्ताबाट गर्ने कामको कडा चट्टान भएको भनि प्राविधिकबाट डोजर मेशिन प्रयोग गर्ने स्वीकृत लिई मेशिन प्रयोग गरी डि.टी.आर कन्स्ट्रकसन प्रा.लि.लाई	

Scanned with CamScanner

	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	रु. २२,१७,६२५।-भुक्तनी गरेकोमा फोटो कपी कर विजक पेश गरेकोले सक्कल कर बिजक पेश गर्नुपर्ने रु.	२२१७६२५.००
	नभएको कामको भुक्तानी(२२।०७८।३।२८) झारज्वाला स्कुल चिमानी सडक विस्तार कार्य गुठीचौर ५ मा नाला खन्ने कामको आईटम नं. ८ मा २०० एम.एम.को १० के.जी. RM पाईप विछ्याउने कार्यनै नगरेको अवस्थामा पनि पाइप खरिदको रु. ३९,०००।-को बिल बमोजिमको रकम भुक्तानी गरेकोले उक्त रकम असूल गर्नुपर्ने रु.	३९०००.००
	कन्टेन्जेन्सी खर्च : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूची १ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशतसम्म कन्टिजेन्सी खर्च गर्न सकिने मान्यता राखी कन्टिजेन्सी खर्च गर्ने गरेको छ । पालिकाको विभिन्न योजनाहरुको निर्माण कार्यमा कन्टिजेन्सी वापत कट्टा गरेको रकमबाट प्रशासनिक र चालु प्रकृतिको मात्र खर्च गरेको देखिएकोले यसमा सुधार गर्नुपर्दछ ।	
	बिल भरपाई : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष एम्बुलेन्स संचालनको लागि जिल्ला प्रशासन कार्यालयलाई निम्नानुसारको रकम भुक्तानी दिएकोमा उक्त खर्चको बिल भरपाई पेश नभएकोले उक्त खर्चको प्रमाण पशे गर्नुपर्ने रु. गो भौ नं र मिति — भुक्तानी रकम ४७-२०७७/८/१२ — ६०००० २३४-२०७८/१/२४ — १००००० जम्मा — १६००००	१६००००.००
	कृषितर्फ	
८५.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ (१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पावर स्प्रेयर खरिद गर्न लागत अनुमान र स्पेसिफिकेशन तयार नगरी मोर्डन टेक्नोलोजीबाट पावर स्प्रेयर, आरी, सिकेचर खरिद गरी रु.४,५०,०००।०० खर्च लेखेकोमा देखिएको व्यहोरा निम्नानुसार छ ।	
८५.१.	पालिकाले पावर स्प्रेयर ४ पीस र आरी सिकेचर ब्रस लगायत २५ प्रतिशत अनुदान कार्यक्रम संचालनको लागि रु.४,५०,०००।०० खर्च गरेकोमा २५ प्रतिशत कृषकबाट रु.१,१२,५००।०० व्यहोर्नु पर्ने रकम रु.१,१२,५०००।०० कोषमा दाखिला नगरी गाउँपालिका पूंजीगत शीर्षकको म्याचिंग फण्डबाट रु.१,००,०००।०० गरी रु.२,१२,५००।०० मा गाउँपालिकाको २०७७।१०।२ को बैठकको निर्णयले चुना,निलो तुथो, प्लाष्टिक झोला खरिद गरी रु.२,१२,५००।०० कृषकलाई वितरण गरेको भनि खर्च लेखेकोले उक्त २५ प्रतिशत अनुदान रकम समेत खर्च लेखेको अनियमित देखिएको रु.	११२५००.००
८५.२.	पालिकाले पावर स्प्रेयर ४ पीस र आरी सिकेचर ब्रस लगायत कृषि उपकरण खरिद गरी कृषकलाई ४ थान स्प्रेयर वितरण गर्नु पर्नेमा २ वटा मात्र कृषकलाई वितरण गरेको भपाई पेश गरेको छ भने २ वटा कृषकलाई वितरण नगरी मौज्दात राखेकोले आवश्यकता पहिचान नगरी खरिद गरी मौज्दात राखेको रकम रु. १,००,०००।- को प्रयोग विहिन रहेकोले खर्च रकम अनियमित देखिएको रु.	१०००००.००

Scanned with CamScanner

भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
पेश्की बाँकी : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५.२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छयौट गर्नुपर्दछ रु.	६३२०००.००

पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	म्याद ननाघेको	म्याद ननाघेको
वितीय सामानीकरण				
२०७७.७.२३	झारज्वाला लिफ्ट निर्माण	एन के निर्माण सेवा	१६७०३१	
२०७७.७.२३	विगारे लिफ्ट निर्माण	एन के निर्माण सेवा	३३५८१५	
२०७८.१.१२ र २१	दोचालगाड सिंचाइ	खडक कृष्ण अनिस्ठ जे भि	१७७००००	
२०७८.१.२२	अदाली जलविधुत निर्माण	एन के निर्माण सेवा	१४६४७४७	
२०७७.११.२०	शैक्षिक सुधार तथा व्यवस्थापन	शंकर वहुउद्धेशीय मा.वि.		१३२०००
२०७८.३.७	म्याचिङ्ग फण्ड	तीला सहकारी संस्था		२०००००
पुँजिगत शसर्त अनुदान				
२०७८.२.२३	गुम्वा निर्माण	चोत्र गुम्वा निर्माण समिति		३०००००
जम्मा			३७३७५९३	६३२०००

अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा वेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा वेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको वेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
२४८६२	६८७	२४१७५

७. **अनुगमन तथा सम्परीक्षण**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा वेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा वेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजु रु. ५,१५,८६४।-फर्स्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोमा निम्नानुसार संपरीक्षण गरिएको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार		सम्परीक्षण
				असुली	प्रमाण	
१	२०७६/७७	४०.१	खडक देवि मा.वि	१४५८२०		असुली भै दाखिला
२	२०७६/७७	४०.२	शंकर मा.वि.	६४१००		असुली भै दाखिला
३	२०७६/७७	४०.३	सत्यवादी मा.वि.	२१५२०		असुली भै दाखिला
४	२०७६/७७	४०.४	हिरा घ. आ.वि.	१४९८२०		असुली भै दाखिला
५	२०७६/७७	४०.५	ओगरेनी वालविकास	१७०००		असुली भै दाखिला
६	२०७६/७७	४०.६	कालिका आ.वि.	४५४८०		असुली भै दाखिला
७	२०७६/७७	४०.७	देउराली आ.वि.	१२२४०		असुली भै दाखिला
८	२०७६/७७	४०.८	पञ्चकोशी आ.वि.	२५७३०		असुली भै दाखिला
९	२०७६/७७	४०.९	उखाडी आ.वि.	१०२००		असुली भै दाखिला
१०	२०७६/७७	२४	श्री चन्द्र बहादुर नेपाली	४०००		असुली भै दाखिला
११	२०७५/७६	६९	श्री शिवराज देवकोटा	०	१५०००	प्रतिवेदन पेश
१२	२०७६/७७	७८	बाईरागा कवटा कुलो निर्माण	१३५४		असुली भै दाखिला
१३	२०७६/७७	४३	वालु सिचाई उ.स.	४००००	१३१५२७	असुली र प्रमाण
			जम्मा	५४०८६४	१४६५२७	

८८. **अद्यावधिक वेरुजु -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा वेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा वेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

Scanned with CamScanner

भौ.नं, मिति र ब्यहोरा					बेरुजू रकम
गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अद्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)	
२४८६२	६८७	२०८९५	०	४५०७०	

<u>लेखापरीक्षण टोली</u>

ृणराज रावल)
ापरीक्षण अधिकारी

(विजय महर्जन)
लेखापरीक्षण अधिकारी

(शंकर प्रसाद पन्थी)
निर्देशक

Scanned with CamScanner